# समानताको अवधारणामा सकारात्मक कदमको स्थापना

**नीरा चन्डोक**

प्राध्यापक, राजनीति शास्त्र, दिल्ली विश्वविद्यालय, भारत

यस कार्यपत्रमा समानताको अवधारणालाई प्रजातान्त्रिक समाजको मेरुदण्डका रूपमा लिइएको छ जहाँ सकारात्मक कदमलाई पुनर्वितरण गर्ने खालको न्यायको एउटा अंगका रूपमा उपयोग गरिन्छ। यस कार्यपत्रमा भन्न खोजिएको छ- राजनीतिक नारा, चुनावी आश्वासन र विरोधको नारामा सकारात्मक कदमलाई अति ज्यादा जोड दिइएकाले यो विचार समानताको सिद्धान्तबाट अलग भएको छ।

यस कार्यपत्रमा असमानता, अन्याय र भेदभावको इतिहास भएको दक्षिण एसियामा समानता, स्वतन्त्रता, न्याय र अधिकार सुनिश्चित गर्नका लागि राजनीतिक संस्थालाई डिजाइन गर्ने काम राजनीतिक रूपले कसरी महत्वपूर्ण हुन्छ भन्ने कुरा देखाउनका लागि सकारात्मक कदम सम्बन्धी भारतको अनुभवबाट उदाहरण लिइएको छ । हरेक मानिससँग विकल्प हुन्छन् । यी विकल्पलाई हाम्रो समाजका राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक सन्दर्भले निर्धारित गरेका हुन्छन् जहाँ वर्ग, जात, वंश र लिंगका आधारमा निश्चित समुदायका मानिसलाई दमन गरिन्छ, भेदभाव गरिन्छ । दलित महिलाले आफ्नो नियन्त्रण भन्दा बाहिरका कारणले गर्दा अवसर पाउँदिनन् । कुनै निश्चित (गरीब र सामाजिक भेदभाव भोगेको) समुदायमा जन्म भएकाले अवसरसम्मको उनको पहुँच निर्धारण गर्छ। यसले असन्तुष्टि, रिस र नैराश्यलाई मलजल गर्ने हुनाले यस्ता अवस्था भोगेका मानिसका राजनीतिक र सामाजिक चाहना के छन् भन्ने कुरा बुझ्नु जरूरी छ।

सकारात्मक कदमको अवधारणा निरन्तर अवमूल्यन गरिएका पहिचानको शक्तिशाली आन्दोलन बनेकोमा शंका छैन तर यसले आफ्नो उद्देश्य कताकता बिर्सियो जसले गर्दा यो अवधारणा कमजोर हुन पुग्यो। सन् १९७० मा समाजशास्त्री आई. पी. देसाईले गरेको अध्ययनले के देखाएको छ भने छुवाछुतका विरुद्ध अपनाइएको संरक्षणात्मक भेदभावको नीतिले गुजरातका गाउँमा सार्वजनिक ठाउँमा त छुवाछुतको चलन घटाउन सकारात्मक प्रभाव पाऱ्यो तर निजी जीवनमा भने छुवाछुतको चलन बढ्यो। सो अध्ययनका अनुसार ५९ वटा गाउँका स्कूलमध्ये एउटामा मात्र दलित विद्यार्थीलाई अलग कुर्सीमा बसाइएको थियो । तर, ९० प्रतिशत गाउँमा दलितलाई उच्च हिन्दू जातिको घरभित्र पस्न दिइँदैनथ्यो। धेरै अध्ययनले के निचोड निकालेका छन् भने यस नीतिले राम्रो प्रभाव पारेको भए पनि भेदभाव र सुनियोजित वञ्चितीकरण कायमै छ।

जहाँ मानिसहरू दोहोरो मारमा परेका हुन्छन् र उनीहरूले विभिन्न अवसर पाउँदैनन्, त्यस्तो अवस्थामा उनीहरूलाई पुगेको क्षतिको पूर्ति गर्नका लागि सकारात्मक कदम जरूरी हुन्छ। तथापि यसले सुविधासम्पन्न र सुविधाविहीन बीचको भेदभावलाई सामूहिक अपराधबोधको विषय बनाउँछ । 'क्षतिपूर्ति' शब्दले आदर मात्रै जनाउँछ भन्ने होइन, दया र सहानुभूति पनि दर्शाउँछ भन्ने कुरा सम्झनु जरूरी छ । त्यसैले पछिल्लो पुस्ता सकारात्मक कदमप्रति अधीर बन्न सक्छ र यस्तो विभेद कहिलेसम्म कायम रहन्छ भनेर प्रश्न उठाउन सक्छ। सकारात्मक कदमले सार्वजनिक क्षेत्रमा राम्रो प्रभाव पारे पनि सामाजिक क्षेत्रमा यो प्रभावहीन बनेको छ जहाँ अन्तरजातीय विवाह, शिक्षा र सामाजिक मामिलामा छुवाछुत तथा भेदभाव निरन्तर कायम छ।

भारतीय राज्यले सामूहिक प्रतिनिधित्व, पुनर्वितरण र मान्यताका बीचमा जुन खालको सम्बन्ध स्थापित गरेको छ त्यो कमजोर छ । केहीले भौतिक साधनमा केही हदसम्मको पहुँच पाएका र धेरैले मान्यता पाउने क्रम जारी भए पनि उडिसा, बिहार, छत्तीसगढ र झारखण्डका बहुसंख्यक अनुसूचित जाति र अनुसूचित जनजाति अहिले पनि सामाजिक कलंक र भौतिक सुविधाको अभावको दोहोरो मार भोगिरहेका छन् । यस्तो असमानताले स्रोत साधनको पुनर्वितरण सम्बन्धी राजनीतिक लेनदेनमा समस्या खडा गर्छ । तर, पुनर्वितरणकारी न्याय सकारात्मक कदमको एउटा महत्वपूर्ण पक्ष समानताका लागि नभई नहुने कुरा हो । यहाँ सवाल कसको समानता भन्ने होइन केका लागि समानता भन्ने हो ।

समानता भनेको के हो ? समानता भनेको मानिसलाई आधारभूत स्रोतसाधन उपलब्ध गराउनु मात्रै होइन हरेक व्यक्तिलाई समाजका विभिन्न गतिविधिमा आत्मविश्वासका साथ भाग लिन सक्ने बनाउनु हो । सकारात्मक कदम ठीक छ भनी प्रमाणित गर्नु जरूरी छ । यस प्रक्रियामा, समानताको सिद्धान्त र पुनर्वितरणकारी न्यायको अवधारणाका बारेमा बुझ्नु जरूरी छ । समानताको सिद्धान्त समानताको अवधारणासँग सम्बन्धित छ जुन असमानताको इतिहास भएको समाजमा बहुसंख्यकको शक्ति सीमित पार्न र अल्पसंख्यकको रक्षा गर्नका लागि आवश्यक हुन्छ । यस सिद्धान्तका अनुसार लिंग, जातजाति र वर्गका आधारमा भेदभाव हुनुहुँदैन किनभने यी कुरा नैतिक रूपले स्वेच्छाचारी छन् र समानता हासिल गर्ने कुरामा बाधा खडा गर्छन् । सांस्कृतिक र सामाजिक क्षेत्रमा भएका असमानताले राजनीतिक समानतामा पनि प्रभाव पार्छन् जसलाई पुनर्वितरणको काममार्फत सच्याउन सकिन्छ । त्यसैले, पुनर्वितरणकारी न्याय नभई नहुने कुरा हो ।

पुनर्वितरणकारी न्यायले के तर्क गर्छ भने, समाजले प्रदान गरेका अवसरबाट सबैले समान किसिमले लाभ उठाउन पाउनुपर्छ । मानिसलाई शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्नुपर्छ अनि जति धेरै कमाउने मानिस भयो उसलाई उति नै बढी दरको कर लगाउनुपर्छ । यसले दोहोरो मार हटाउँछ । तथापि भौतिक रूपले सुविधाविहीन, सामाजिक भेदभाव भोग्नु परेका र दोहोरो मारमा परेका मानिसका लागि नीति तर्जुमा गर्दा सकारात्मक कदम र पुनर्वितरणकारी न्याय एउटै कुरा हो भन्ने ठान्नु हुँदैन । समानताका आधारमा सकारात्मक कदम चाल्नु भनेको लाभग्राहीप्रति अनादर र कटुता पैदा गर्नु हो । सरकारलाई नरम विकल्प उपलब्ध गराउनु हो । स्रोतसाधनमा समानता कायम गर्न र त्यसका लाभ सबैसम्म पुऱ्याउनबाट रोक्नु हो ।

यस कार्यपत्रमा सकारात्मक कदमका बारेमा विचार गर्दा ध्यान दिनुपर्ने विभिन्न कुरा प्रस्ताव गरिएका छन् जुन सत्य साबित भएका छन् । पहिलो, सकारात्मक कदम समानताको अधिकारको एउटा अंग हो र कुनै पनि किसिमको भेदभावले समानताको अधिकारको उल्लंघन गर्छ । दोस्रो, गरिबी मानवले सिर्जना गरेको कुरा हुनाले र गरिबी निवारण गर्नु राजनीतिक एवं नैतिक दायित्व भएकाले स्रोतको हस्तान्तरणलाई वैध बनाउनुपर्छ । तेस्रो, क्षतिपूर्ति र पीडितपनको सवालको उपचार खोज्नुपर्छ । बजारको मोलतोलमा टिक्न नसक्ने मानिसका लागि न्यूनतम सामाजिक संरक्षण गर्ने व्यवस्था हुनुपर्छ । यस अर्थमा सकारात्मक कदमले सामाजिक संरक्षणको काम गर्न सक्दैन किनभने यो दोस्रो कदम मात्र हो । सामाजिक भेदभाव अस्वीकार्य भएकाले यसलाई हटाउन राज्यले निश्चित दायित्व उठाउनुपर्छ । हामी सबैले समतावादी समाजको कल्पना गर्नुपर्छ र यस विषयमा राजनीतिक सहमति सदृढ गर्नुपर्छ ।

सारमा, सकारात्मक कदमको अधिकारलाई समानताको सिद्धान्तमा समावेश नगर्ने हो भने दोहोरो मारमा परेका समुदायले भौतिक वस्तुसम्मको पहुँच त पाउलान् तर मान्यता पाउने कुरा उनीहरूका लागि सपना मात्रै हुनसक्छ ।

(रेडियो प्रसारण ९ असार २०७०)